# २. चेलापनको आरम्भ
# अरु मानिसहरुलाई ख्रीष्टमा डोऱ्याउने

क. मुख्य पदहरु

| | |
|---|---|
| यूहन्ना १५:१६ | प्रेरित ४:२९-३१ |
| यशैया ५५:११ | एफिसी २:१० |
| फिलिप्पी २:१०-११ | रोमी १०:१४-१५ |
| यूहन्ना १४:१२ | २कोरिन्थी ६:१ |

ख. परिचय

उद्धार Salvation को निम्ति ग्रीक शब्द Soteria हो. यो शब्दको अर्थ, "सुरक्षा" वा "भरपर्दो" पनि हुनसक्छ. नयाँ जन्म पाएपछि हामी परमेश्वरको सन्तान हुन्छौं र यसरी हामी सुरक्षित र भरपर्दो हुन्छौं. त्यसकारण जब हामी येशूमा उपलब्ध उद्धारका बारेमा अरुलाई बताउंछौं तिनीहरु कसरी सम्पूर्ण र सुरक्षित रहन सक्छन् सो हामीले तिनीहरुमा प्रकट गरिरहेका हुन्छौं भन्ने कुरा हामीले स्वीकार गर्नुपर्छ. यसबारेमा तीन पक्षहरु छन् -

१ **मेल मिलाप** (परमेश्वरसित) जुन येशूको मृत्युद्वारा सम्भव गराएको छ.

२. **पुनर्जीवन** - येशू पुनरुत्थान हुनुभएर हामीलाई उहाँले नयाँ जीवन दिनुभयो र परमेश्वरसँग उहाँ हाम्रो निम्ति उत्तरदायी हुनुहुन्छ.

३. **पुनर्दिशाबोध** - येशूमा समर्पित भएर हामीले पुनर्दिशाबोध प्राप्त गर्दछौं किनभने अब उहाँ हाम्रो प्रभु हुनुहुन्छ र अनि उहाँ हाम्रो जीवनको सिंहासनमा विराजमान हुनुभएको छ.

येशूको निम्ति चेलाहरु बनाउनुअघि सबै आत्मिक क्षेत्रहरुमा हामी पूर्णता प्राप्त गर्न पर्खिरहनु पर्दैन. महान आज्ञाको जिम्मेवारी पुरा गर्नतर्फ हामी लाग्नुपर्छ. जब हामी परमेश्वरको लागि काम गर्दै रहन्छौं हाम्रो जीवनमा आवश्यक सबै जोड घटाउ तथा थपघट हुनदिनुपर्छ. अल्छिपन, आत्मसन्तुष्टि, अविश्वास अथवा प्रेमको अभावले येशूले आफ्ना चेलाहरुलाई अऱ्हाउनुभएको काम गर्नबाट हामी पछाडि पर्नु हुदैन. येशूको निम्ति

चेलाहरु बनाउन हामीमा तीन ओटा सामर्थी र प्रेरणात्मक तत्वहरुले काम गरिरहेका छन्.

१. **येशू ख्रीष्टको प्रेम** (२कोरिन्थी ५:१४). यो हाम्रो हृदयमा प्रज्वलित भइरहनुपर्दछ र यसरी प्रत्येकले यही कुरा अनुभव गर्न सकेको होस भन्ने हाम्रो इच्छा हुनजान्छ.
२. **पवित्र आत्माद्वारा परमेश्वरको सामर्थ्य** (प्रेरित १:८).
३. **परमेश्वरको भय** (डर) (२कोरिन्थी ५:११; भजन १०३:१३). यो प्रेमी पिताप्रतिको गहन आदर हो अनि उहाँले चाहनुभए अनुसार जिउन चाहने हाम्रो इच्छा हो.

याद राख्नुहोस परमेश्वरको निम्ति काम गर्न हामीलाई बोलाइएको छैन तर उहाँसँगसँगै काम गर्नको निम्ति बोलाइएको छ (२कोरिन्थी ६:१).

## ग. साक्षीको निम्ति व्यक्तिगत तयारी

१. आफू पर्याप्त मात्रामा तयार हुनुहोस् (धर्मशास्त्रको ज्ञान तथा मानिसहरुसित कुराकानी कसरी गर्ने हो त्यसको कार्यविधि सम्बन्धमा ज्ञान)
२. नहतारिइकन प्रभुसँग प्रार्थनामा समय बिताउनुस तथा निम्न तालिका अनुसार गर्नुहोस्

**शुद्ध हनुहोस्** : आफूलाई परमेश्वरमा समर्पित गर्नुहोस्. आफ्नो जीवनमा देखिएका कुनैपनि पापहरुलाई क्षमा गर्न र येशूको रगतद्वारा धोइमाग्न परमेश्वरसँग बिन्ती गर्नुहोस्. कसैले तपाईंको खराबी गरेका छन् भने तिनीहरुलाई क्षमा गर्नुहोस्. त्यसपछि परमेश्वरका सामुन्ने तपाईं शुद्ध हुनुहुनेछ र शैतानको तपाईमाथि कुनै अधिकार हुनेछैन. तपाईले शैतानको सामना पनि गर्नुपर्छ र ऊ तपाईंदेखि भाग्नेछ (याकूब ४:७).

**अधिकार प्राप्त गर्नको लागि नम्र (विनम) हुनुहोस्** : परमेश्वरको सामर्थी बाहुलीमुनि आफूलाई नम्र तुल्याउनुहोस्. जस्तै मूल्य चुकाउनु परेपनि "मेरो इच्छा होइन म तपाईंको इच्छा पूरा गर्न चाहन्छु" भन्नुहोस्. तपाई आफू घटेर जब प्रभु बढ्नुहुन्छ परमेश्वरको अधिकारको घेराभित्र तपाई पर्नुहुनेछ. त्यसपछि कुनैपनि अवस्थाहरुमाथि तपाईंलाई विजयी गराउन परमेश्वरको सामर्थ्य र अधिकार तपाईमा आउनेछ.

**पवित्र आत्माद्वारा भरिनुहोस्** : आफू पवित्र आत्माद्वारा भरिन, र येशूको महिमा गर्नका लागि तपाईंलाई अभिषेक गर्न तथा उहाँको सेवा गर्नका लागि शक्ति प्रदान गर्न प्रभुसित बिन्ती गर्नुहोस्.

**पवित्र आत्मामा समर्पित हुनुहोस्** : आफैंलाई पवित्र आत्माको नियन्त्रणमा सुम्पनुस्. उहाँको आज्ञाकारी माध्यम भएर आत्माले चलाइनका लागि तपाईंको भावना, इच्छा, मन तथा शरीर उहाँलाई सुम्पने तत्परता देखाउनुस्. अझपनि निर्णयहरु तपाईं आफैं गर्नुहुन्छ तर के गर्ने र के भन्ने बारेमा तपाईं उहाँद्वारा प्रभावित र निर्देशित हुनुहुनेछ भन्ने यसको अर्थ हुनजान्छ. आत्माले भरिएको जीवनको मुख्य सार यही हो.

**एउटा माध्यम बन्नुहोस** : अन्य व्यक्तिहरुको जीवन छुन, तिनीहरुमा प्रभाव पार्न सक्नको निम्ति आत्मा आफूबाट पानीजस्तै बग्न र यसरी तपाईंद्वारा तिनीहरुमा सेवकाई गर्नका लागि पवित्र आत्मासँग बिन्ती गर्नुहोस् (यूहन्ना ७:३७-३९).

**उहाँको बचन बोल्नुस** : पवित्र आत्मालाई उहाँको बचन तपाईंको मुखमा हालिदिन भन्नुहोस् अर्थात परमेश्वरको निम्ति त्यो समय उपयोग गर्नलाई धर्मशास्त्रको कुनै अंश, कुनै बचन वा आवश्यक दर्शन तपाईंलाई सम्झना गराइदिन अनुरोध गर्नुहोस्. सामर्थ्यको बचन, अधिकार, चुनौती, दृढ विश्वास, जीवन, स्वतन्त्रता, प्रेम तथा अनुग्रहपूर्ण शव्दहरु बोल्नका निम्ति तपाईंको ओठलाई अभिषेक गर्न उहाँसँग बिन्ती गर्नुहोस्.

**धन्यवादी हुनुहोस्** : यी प्रार्थनाहरुको उत्तर दिनुभएको निम्ति प्रभुलाई धन्यवाद दिनुस्.

त्यसपछि पवित्र आत्माको सामर्थ्य र येशू नाउंको अधिकारमा जीवनका हरेक परिस्थितिहरुमा ख्रीष्टको राजदूत हुन अगाडि बढन सक्नुहुन्छ.

३. परमेश्वरले तपाईंलाई त्यस्तो व्यक्तिकोमा पुऱ्याउनु भएको होस जसको हृदय उहाँले तयार पारिसक्नु भएको छ. यसको निम्ति प्रार्थना गर्नुहोस्. (एफिसी २:१०; यूहन्ना १६:७-११).

४. सम्भव भएसम्म (मित्रता र प्रचारका लागि) त्यस्तो व्यक्तिसित सम्बन्ध स्थापित गर्दै एक आपसमा विश्वास र भरोसा कायम गर्नुहोस्.
५. बुद्धि र निर्देशनका निम्ति पवित्र आत्मामा निर्भर रहनुहोस्.

## घ. प्रभावकारी प्रचारक (आत्मा जित्ने) हुनको निम्ति केही महत्वपूर्ण बुँदाहरु

१. **येशूलाई अझ राम्ररी चिन्दै जाने** (फिलिप्पी ३:१०)
जति हामी उहाँलाई चिन्दै जान्छौं उहाँप्रति हामी त्यति नै बढी प्रतिबद्ध हुनथाल्छौं र त्यसरी उहाँको बारेमा आत्मविश्वासका साथ अरुलाई भन्नसक्छौं. उहाँलाई उत्तम किसिमले चिन्ने तरीका चाहिँ अरु क्रिश्चियनहरुसँगको सँगति, प्रार्थना र परमेश्वरको वचनको दैनिक अध्ययन मननद्वारा नै हो.

२. **येशूलाई नजीकबाट पछ्याउनुस** (मत्ती ४:१९)
येशूलाई पछ्याउने एउटा तरीका - उहाँको उदाहरणहरुलाई हाम्रो दैनिक प्रयोगमा ल्याउन लेखिएका परमेश्वरको वचन अनुसार गर्नु हो. येशूले शुरुका चेलाहरुलाई आफूलाई पछ्याउन भन्नुभयो र तिनीहरुलाई उहाँले मानिसहरु पक्रने (मानिसहरुका माझी) बनाउंछु भन्नुभयो. हामीले पनि त्यही गरेको प्रभु इच्छा गर्नुहुन्छ.

प्रभावकारी जलाहारी हुनका लागि ५ बुँदाहरु

- तिनीहरुको उद्देश्य स्पष्ट थियो (आफू के गर्दैछु भनेर तिनीहरुलाई थाहा थियो र त्यसमा तिनीहरुको ध्यान एकाग्र थियो)
- तिनीहरुले होशियारीसाथ तयारी गरेका थिए. (जुन कामको निम्ति तिनीहरु छानिएका थिए त्यसका लागि तयारी गरेका थिए)
- तिनीहरुको ठाउँ निश्चित गरिएको थियो (माछाहरु भएको ठाउँमा तिनीहरु गए. माछाहरु उफ्रेर आफैं डुङ्गामा पसेनन्).
- तिनीहरुको व्यक्तित्व लुकाइएको थियो (तिनीहरुले आफ्नै व्यक्तित्व प्रदर्शन नगरेर येशूको व्यक्तित्व प्रदर्शन गरे किनभने सबै कुराहरुको उहाँ नै उत्तर हुनुहुन्थ्यो. आफैं चेलाहरु भएर अरुहरुलाई तिनीहरुले चेला बनाउंछन्. अरु मानिसहरुले तिनीहरुको जीवनमा येशूलाई देख्नसक्नुपर्छ.
- तिनीहरुको धीरजमा निरन्तरता थियो (माछाहरुले चारो एकचोटी नखादैमा हरेस खाएर तिनीहरुले प्रयास त्यागेनन्).

**३. आफ्नो वचन, कार्य र जीवनद्वारा येशूको महिमा गर्नुहोस्**

तपाईंका चिप्ला वाक्यहरु तथा फकाउन सक्ने सीपबाट मानिसहरु येशूतिर आकर्षित हुँदैनन् तर प्रभु येशूलाई अरु मानिसहरुका साम् महिमित गराएर मात्र यो सम्भव हुन्छ.

मित्रहरु, नातागोता तथा अन्य मानिसहरुलाई प्रभाव पार्ने र तिनीहरुलाई येशूतिर डोऱ्याउने सामर्थी हतियार हाम्रो जीवन नै हो. कैयौं मानिसहरुले पढ्ने बाइबल सायद हाम्रै जीवन होला. हामीभित्र ख्रीष्ट हुनुहुन्छ र हामी पवित्र आत्माद्वारा भरिएका छौं भनेर अरु मानिसहरुले कसरी थाहा पाउंछन् ? तपाईंले एकछिन आफैंलाई केही चिन्ह नभएको एउटा सादा ट्युब (टुथपेष्ट वा यस्तै अन्य मलहम आदि भएको) जस्तै सम्भनुस. ट्युबभित्र के छ भनेर जान्नका निम्ति यसभित्रको वस्तु बाहिर निकाल्न यसलाई निचर्नै पर्ने हुन्छ. जीवनका दवावहरुद्वारा तपाईं निचरिनुहुंदा तपाईंबाट के निस्कन्छ ? के तपाईंबाट असहिष्णुता, तनावहरु, चाप, क्रोध, कुण्ठा आदि निस्कन्छन् ? तपाईंबाट के निस्कन्छ भन्ने कुरा अरु मानिसहरु हेर्न चाहन्छन् किनभने तपाईंले भन्नुभएका वाक्यहरुले वास्तवमा काम पनि गर्छन् कि ?

येशूको निम्ति अरुहरुमा साक्षी दिंदा तपाईं आफ्नो वास्तविकतामा देखिनुस, खासगरी गवाहीका सम्बन्धमा. बेइमानी वा कुरा बढाएर गर्दैमा परमेश्वरको राज्य बढ्दैन. हाम्रो गवाही प्रेम, वास्ता, अनुशासन र शुद्ध विवेकको मिश्रणबाट उत्पन्न हुनुपर्छ. हामी परमेश्वरसँग एउटै ताल-शुरमा हुनुपर्छ र त्यसरी उहाँले हामीलाई सामर्थी बनाउनुहुन्छ, निर्देशन र अगुवाई गर्नुहुन्छ.

## ङ. कुनै व्यक्तिलाई ख्रीष्टमा कसरी ल्याउने :

हरेक अवस्थाहरु भिन्दा भिन्दै हुने भएकोले तपाईं पवित्र आत्माको अगुवाईको निम्ति उपलब्ध हुनुपर्छ. याद राख्नुहोस्, मानिसहरुलाई हामीले बचाउदैनौ तर पवित्र आत्माद्वारा येशू ख्रीष्टले बचाउनुहुन्छ. येशूमा भएका कुराहरु अरु मानिसहरुसम्म पुऱ्याउनका निम्ति हामी त परमेश्वरको एउटा माध्यम मात्र हौं. निम्नलिखित बुँदाहरुले हामीलाई केही मात्रामा निर्देशित गर्न सक्छन् -

१.जब पवित्र आत्माले तपाईंलाई कुनै व्यक्तिकोमा डोऱ्याउनुहुन्छ ऊसँग कुराकानी जारी राख्नुहोस् र ऊसँगको भेटघाटलाई निरन्तरता दिइराख्नुहोस्. त्यस्ता बातचितहरुलाई पवित्र आत्माले आत्मिक कुराहरुतिर लगाइदिन उहाँसित विन्ती गर्नुहोस्. येशूको बारेमा अरुलाई केही भन्न पाउने मौकाको ताकमा रहनुस. आफ्नो साक्षीलाई परिचयको रुपमा प्रश्तुत गर्न पाउने सम्भावनाको खोजी गर्नुहोस्. एकपटक तिनीहरुको ध्यान आकृष्ट गरिसकेपछि ती व्यक्तिहरुले येशूको बारेमा कत्तिको जानेका छन् सो पत्ता लगाउनुस् अर्थात तिनीहरुले उहाँलाई आफ्नो जीवनमा स्वीकार गरिसकेका छन् कि अथवा येशूसित तिनीहरुको मित्रता वा सम्बन्ध भैसकेको छ, त्यो सोध्नुस. बहाना र वाद विवादबाट मुख्य बुँदादेखि अल्मल्याएर उसले तपाईंलाई अल्भाउन नसकोस. तिनीहरुले बुझ्नै नसक्ने जटिल धार्मिक शब्दहरु प्रयोग नगर्नका निम्ति होशियार रहनुस् किनभने यसले तिनीहरुलाई अल्मल्याउंछ र तिनीहरु यस विषयमा कुरै गर्न नसक्ने हुन्छन्.

२. तिनीहरुसित सुसमाचार बाँडनुहोस्

- परमेश्वरले संसारका सबै मानिसहरुलाई प्रेम गर्नुहुन्छ (यूहन्ना ३:१६)
- तर सबै मानिसहरुले पाप गरेका छन् (अर्थात परमेश्वरलाई अप्रशन्न पारेका छन् - रोमी ३:२३)
- पापले मानिसलाई परमेश्वरबाट अलग पार्छ (यशैया ५९:२).
- पापलाई नहटाएमा मानिसहरुको जीवन सुख्खा अनि फलरहित हुन्छ (एफिसी २:१-१०).
- पापको पारिश्रमिक मृत्यु हो (रोमी ६:२३).
- सबै मानिसहरुको पापको दण्ड तिर्न परमेश्वरले येशूलाई पठाउनुभयो र उहाँ क्रूसमा मर्नुभयो (१कोरिन्थी १५:३).
- परमेश्वरले येशूलाई ब्युंताउनुभएको छ र उहाँ बचाउन सक्नुहुन्छ (१कोरिन्थी १५:२०-२२; २कोरिन्थी ४:१४; हिब्रू ७:२५).
- येशू मर्नुहुंदा बगाइएको रगतले मात्र पापलाई हटाएर हामीलाई शुद्ध पार्नसक्छ र मानिसहरुका लागि परमेश्वरमा अनन्त जीवन प्रदान गर्नसक्छ (हिब्रू ९:१२, २२).
- परमेश्वरबाट क्षमा प्राप्त हुनका लागि हामीले दुईवटा पाइला चाल्नुपर्छ

**क. पश्चाताप** : मानिसहरुले आफ्ना सबै पापमय र स्वार्थी इच्छाहरुबाट फर्किनुपर्छ
(प्रेरित ३:१९).

**ख. स्वीकारोक्ति** : मानिसहरुले येशूलाई तिनीहरुको प्रभु र मुक्तिदाता स्वीकार गर्नुपर्छ (रोमी १०:९-१०)

३. येशूले भन्नुभयो तिनीहरुले मूल्य चुकाउनुपर्छ
*"यदि कोही मपछि आउने इच्छा गर्छ भने त्यसले आफूलाई इन्कार गरोस र दिनहुँ आफ्नो क्रूस बोकेर मेरो पछि लागोस्"* (लूका ९:२३).
- येशूलाई पछ्याउनुको अर्थ उहाँलाई तिनीहरुको सम्पूर्ण जीवनको प्रभु बनाउनु हो भन्ने कुरामा जोड दिनुस (प्रेरित २:३६).
- येशूलाई सबैको अगाडि स्वीकार गर्न हिच्किचाउनु नहुने तथ्य तिनीहरुलाई सम्झाउनुस् (रोमी १०:९-१०).
- तिनीहरुले पूजा गर्ने गरेका मूर्तिहरु (टेलिभिजन, गाडि, पैसा आदि) लाई त्याग्न इच्छुक हुनुपर्ने कुरा तिनीहरुलाई देखाउनुस्. यी थोकहरु तिनीहरुसँगै रहिरहन सक्छन् तर ती चीजहरुले तिनीहरुको जीवनमा अबदेखि उसो प्रमुख भूमिका खेलेको हुनु हुँदैन.
- तिनीहरुले येशूप्रति प्रतिबद्धता देखाउने इच्छा गर्नुपर्छ र यसबाट पछि फर्किनु हुँदैन (लूका ९:५७-६२; लूका १४:२५-३३).

४. उहाँ जीवन, सत्य र बाटो हुनु भएकोले येशू तिनीहरुको जीवनको प्रभु र मुक्तिदाता हुन आवश्यक छ तथा उहाँलेमात्र हामीलाई पितासितको सम्बन्धमा डोर्‍याउन सक्नुहुन्छ (यूहन्ना ३:१८, ३६; यूहन्ना १४:६; प्रेरित ४:१२).

५. मानिसहरु पापको सही पश्चातापमा पवित्र आत्माद्वारा नेतृत्व गरिनका लागि वातावरण निश्चित गर्नुहोस् (यूहन्ना १६:८).

६. परमेश्वरको महिमा नगर्ने तिनीहरुको पुरानो जीवनशैलीलाई त्याग्न र त्यसबाट पश्चाताप गर्न तिनीहरुलाई चुनौती दिनुस्. तिनीहरुको पापका निम्ति परमेश्वरसित क्षमा माग्न प्रोत्साहित गर्नुहोस्. यसो गरेमा तिनीहरु परमेश्वरको नजरमा सफा देखिन सक्छन्. त्यसपछि येशूलाई तिनीहरुले प्रभु र मुक्तिदाता भनेर स्वीकार गर्नुपर्छ (रोमी १०:९-१०). त्यसको लगत्तै तिनीहरुले पवित्र आत्मा बैनाका रुपमा पाउनेछन् र त्यसरी परमेश्वरमा नयाँ उत्तराधिकारको आश्वासन प्राप्त गर्नेछन् (एफिसी १:१३-१४). अनि तिनीहरु परमेश्वरको सन्तान हुनेछन् (यूहन्ना १:१२; यस पुस्तकको पहिलो भागको अध्याय ३, ४, ५ र ६ पनि हेर्नुस्)

७. तिनीहरुलाई पापीले गर्ने प्रार्थना ठूलो सोरमा गर्न लगाउनुस्. येशूको सुसमाचारको सत्यलाई तिनीहरुले आत्मसात गरिसकेपछि तपाईंले

तिनीहरुका निम्ति लेख्नुभएको स्वीकारोक्तिको एक एक प्रति बांडिदिनुस र आफूले पढे पछि पछि दोहोऱ्याउन भन्नुहोस्. त्यस्तो प्रार्थना तल लेखिए अनुसारको पनि हुनसक्छ -

**"प्रभु, येशू, म पापी हुँ भन्ने कुरा म स्वीकार गर्छु र यसका निम्ति मलाइ दु:ख लागेको छ. तपाई मेरो निम्ति क्रूसमा मर्नुभएकोमा म तपाईलाई धन्यवाद दिन्छु. मेरो पापहरु क्षमा गर्नुहोस्. मेरा सबै पापमय जीवनशैलीदेखि म फर्किन्छु. मेरो जीवनमा तपाई प्रभु र मुक्तिदाता हुन म तपाईसँग बिन्ती गर्दछु. अहिले मलाई तपाईले नयाँ जीवन दिनुभएको लागि म तपाईमा धन्यवाद चढाउंछु." आमिन.**

८. आफूले पाएको उद्धार प्रति तिनीहरु निश्चित हुनसक्ने कुरा तिनीहरुलाई बताउनुस. तिनीहरु बचेका छन् र यसबारेमा पवित्र आत्माले तिनीहरुको विवेकमा साक्षी दिनुहुनेछ (१यूहन्ना ३:२४; रोमी ८:१४-१६). माथिका सबै कुराहरु पूरा गरिसकेपछि तिनीहरु बचने कुराको प्रतिज्ञा धर्मशास्त्रले गरेको छ (यूहन्ना ६:३७; यूहन्ना १:१२; यूहन्ना ५:२४; यूहन्ना ६:४७; १यूहन्ना ५:११-१३; हिब्रू १३:५).

तिनीहरुका पापहरु धोई पखालिएका छन् र अनन्त जीवनको बरदान तिनीहरुले पाएका छन् भनेर धर्मशास्त्रले भनेको छ. भावनात्मक रुपमा यो कुराबाट तिनीहरु अनभिज्ञ नै रहलान् तर अब आफूहरु भिन्दै भएको तिनीहरुले जान्नेछन्. यो प्रष्ट हुनको लागि केही समय लाग्नसक्छ.

## च. क्रिश्चियन भएर नयाँ बाटोमा हिंडन तिनीहरुलाई सहायता गर्नुहोस्

१. एउटा व्यक्तिलाई खीष्टकहाँ डोऱ्याउंदा सकेसम्म तिनीहरुको अनुगमन (follow up) गर्न नछाड्नुस किनभने तिनीहरुलाई तपाईले सायद फेरि भेट्नुहुनेछैन. असल पर्चाहरु, खीष्टलाई पछ्याउंदा चाल्नुपर्ने आधारभूत पाइलाहरु र उसले यो निर्णय गरेर खास के उपलब्धि हासिल गरेको छ भनेर सम्झाउने खालका पुस्तिकाहरु तथा बुझ्न सकिने सरल भाषाका अनुदित एउटा बाइबल (अथवा नयाँ नियम) आदि पर्याप्त क्रिश्चियन साहित्य तिनीहरुलाई उपलब्ध गराउनुस्. पानीको बप्तिश्मा र पवित्र आत्माद्वारा भरिन किन आवश्यक छ सो सम्झाउन नबिर्सनुस (यो पुस्तकको प्रथम भाग, ११ र १२ अध्यायहरु पढनुस्). तिनीहरुले अनुमति

दिएमा तिनीहरुको नाम, उमेर, ठेगाना, टेलिफोन नं. हरु टिप्नुस्. त्यसो गर्नुभयो भने तपाई वा कसैले आउंदा दिनहरुमा तिनीहरुसँग सम्पर्क स्थापित गर्न सम्भव हुनेछ.

२. पहिलोपल्ट कुनै व्यक्तिसित सम्पर्क राख्दा तिनीहरुलाई खीष्टमा अगाडि बढन प्रोत्साहन दिनुस. यसो गर्दा तपाईं प्रफुल्ल मुद्रामा हुनुपर्छ. "म तिमीहरुको लागि दिनदिनै प्रार्थना गर्छु" भनेर तिनीहरुलाई भन्नुस र सांच्चै नै प्रार्थना गर्नुहोस् पनि. तपाईले उपलब्ध गराउनुभएको साहित्य तिनीहरुले पढिरहेका छन् कि छैनन् सोधपुछ गर्नुहोस् र यदि तिनीहरुसित कुनै प्रश्न भएमा त्यसको उत्तर दिनुहोस. खीष्टमा वैयक्तिक विकास गर्न तलका बुँदाहरु अनुसार काम गर्न तिनीहरुलाई प्रोत्साहन दिनुहोस्.

- दैनिक प्रार्थना (परमेश्वरसँग बातचित) - लूका १८:१
- परमेश्वरको बचन (बाइबल) को दिनहुं अध्ययन - प्रेरित १७:१
- येशूमा भरोसा. - यूहन्ना ६:२८-२९
- परमेश्वर र उहाँको बचनमा आज्ञापालन. - प्रेरित ६:३२
- नयाँ जन्म पाएका अन्य विश्वासीहरुसित सँगति. - प्रेरित २:४२
- येशूमा आफूले पाएको छुट्कारा बारे अरुलाई साक्षी दिने. - लूका ८:३९
- परमेश्वरको निम्ति काम गर्ने. - यूहन्ना ९:४
- बप्तिश्मा लिएर उहाँको सामर्थ्य र शक्तिमा परमेश्वरको सेवा गर्न पवित्र आत्माद्वारा निरन्तर भरिइरहने.

तिनीहरुका केही समस्याहरु छन् कि भनेर सोध्ने र आफूले जानेसम्म तिनीहरुलाई सर सल्लाह दिने. तिनीहरुसित खीष्टमा मित्र बन्नुहोस्. तिनीहरु कुनै मण्डलीमा जान्छन् कि जादैनन् भनेर जान्ने चाख देखाउनुस. तपाई आफू जानुहुने मण्डलीमा तिनीहरु पनि जाने इच्छा गर्छन् भने तिनीहरुका साथमा जानुस नभए मण्डलीसम्म आउनको लागि तिनीहरुलाई मदत गर्नुहोस् ताकि तिनीहरुले एक्लो अनुभव नगरुन्. तपाईलाई थाहा नभएको मण्डलीमा तिनीहरुले जाने इच्छा गरेमा बाइबल सम्मत र जोशिलो मण्डलीमा जान उत्साह दिनुहोस्. त्यस्ता मण्डलीहरुमा निम्न अनुसारको गुण हुनुपर्छ -

- येशू खीष्टको प्रभुत्वमा सम्पूर्ण प्रतिबद्ध भएको.
- सदस्यहरुमा प्रेम र एकता
- प्रार्थनामा विशेष जोड दिने

- आत्मा र सत्यतामा आराधना/प्रशंसा गर्ने
- पवित्र आत्माको सामर्थ्यमा वरदानहरु संचालन गर्ने
- पवित्र जीवन बिताउन प्रोत्साहन दिने
- पापीहरुलाई पश्चाताप गर्न लगाउने
- विश्वासद्वारा उद्धार प्राप्तिको प्रचार गर्ने
- आफूसँग भइ-नभइपनि बलिदानात्मक दान दिन पछि नपर्ने
- विश्वव्यापि सुसमाचार प्रचारमा संलग्न भएको

माथि वर्णन गरिएका आदर्शमा मण्डलीहरु नपुगेका हुन सक्छन् तर उपरोक्त कुराहरुमा लक्ष साधेको भने हुनुपर्छ.

यदि सम्भव छ भने तिनीहरु नियमित तवरले आफू वा अर्को व्यक्तिद्वारा सिकाइएर चेलापनमा बढन चाहन्छन् कि भनेर सोध्नुस. अन्तमा तिनीहरुको समस्या तथा येशूसितको सम्बन्धको निरन्तरताको लागि तिनीहरुका निम्ति प्रार्थना गर्नुहोस्.

## छ. परमेश्वरको असल छोराछोरीजस्तै जिउनुहोस्

सच्चा र इमान्दार हुनुस. कठोर, विवेकहीन धर्मान्ध नहुनुहोस्. आफ्नो क्रिश्चियन धर्ममा स्वाभाविक हुनुस. आफ्नो निम्ति येशू ख्रीष्टलाई चिन्न चाहने व्यक्तिहरुका लागि तपाईले तिनीहरुमा पुऱ्याउन सक्ने सबैभन्दा प्रभावकारी र ठूलो विज्ञापन ख्रीष्टको प्रेम र आनन्द नै हो. तपाई जहाँ हुनुभएपनि नूनजस्तै स्वादिलो हुनुहोस्. हामी पृथ्वीका नून हौं भनेर येशूले भन्नुभएको छ (मत्ती ५:१३-१६). नूनले निको पार्छ, शुद्ध पार्छ, बचाएर राख्छ, कुहिन दिंदैन र जमिनलाई उर्वर र मलिलो बनाउंछ. त्यसकारण, तपाई जहाँसुकै हुनुभए पनि ख्रीष्ट तपाईमा स्वभाविकतामा रहनु भएकोले मानिसहरुमा तपाईले अद्‌भूत प्रभाव पार्न सक्नुहुन्छ. नूनको अर्को महत्वपूर्ण कार्य प्यास (तिर्खा) जगाउनु हो. ख्रीष्ट तपाईंको जीवनबाट प्रष्फुटित (चम्किनु) भएकोले उहाँको जीवनप्रति तिनीहरुमा प्यास जाग्नुपर्छ. अन्य मानिसहरुका सामून्ने येशूको साँचो चेला भएर तपाई जिउनुभयो भने तपाईले तिनीहरुलाई ख्रीष्टकहाँ आकर्षित गर्नुहुनेछ.

याद राख्नुहोस्, एउटा साक्षी वा गवाहलाई न्यायाधीश, रक्षा वकिल वा दोष लगाउने सरकारी वकिल हुनको लागि बोलाइएको हुदैन. आफूले थाहा

पाएको साँचो कुराहरु भन्नको लागि मात्र उसलाई बोलाइएको हुन्छ. इन्साफ गर्ने, दोष लगाउने, रक्षा गर्ने कार्य परमेश्वरमा छाडिदिनुस तर तपाईंले आफ्नो जीवनमा ठीक लागेका र देखिएका कुराहरु मात्र अरु समक्ष बांड्नुस.

## ज. प्रश्नहरु र छलफलका बुँदाहरु

१. जब कोही बांच्छ त्यतिबेला स्वर्गमा के हुन्छ ? (लूका १५:५-७, २२-२४, ३२).

२. नयाँ विश्वासीहरुले मण्डलीमा ठूलो आनन्द ल्याउंछन्. तर तिनीहरुले आफ्नै किसिमले एकनाससित चलिरहेको मण्डलीमा खल्बली पनि ल्याउन सक्छन, छलफल गर्नुहोस्.

३. अरु मानिसहरुलाई प्रभुमा ल्याउने र उहाँमा तिनीहरुलाई वृद्धि गराउने कार्यको आरम्भमा नै उत्पन्न हुने स्वाभाविक अवरोधहरुका बारेमा छलफल गर्नुहोस्.

४. उहाँको डर, शक्ति र प्रेम हामीभित्र हालिदिएर मानिसहरुलाई सम्पूर्ण (सिङ्गो, पूर्ण) बनाउनमा हामीलाई उहाँले कसरी प्रेरणा दिनुहुन्छ ? छलफल गर्नुहोस्.

५. मानिसलाई सिद्ध (सम्पूर्ण) बनाउने सेवकाईका लागि अनुशासित, वास्तविक, वास्ता राख्ने र सही विवेक आवश्यक तत्वहरु हुन्. छलफल गर्नुहोस्.

६. आजभन्दा पहिले मानिसहरुको जलाहारी हुन तपाईंलाई बाधा उत्पन्न गर्ने केही तत्वहरु थिए र अझ पनि ती विद्यमान् नै छन् भने सो देखाउन परमेश्वरसित बिन्ती गर्नुहोस्. यी बाधाहरु हटाउन एक आपसको निम्ति प्रार्थना गर्नुहोस्.

७. हाम्रो साक्षीमा बाधा उत्पन्न गर्ने साधारण तत्व "डर" हो. मानिसहरुको डरको सम्बन्धमा परमेश्वरको बचनमा के लेखिएको छ ? (२तिमोथी १:७, १यूहन्ना ४:८; १पत्रस ३:१३-१६).

८. येशूलाई आफ्नो प्रभु स्वीकार गर्न चाहने व्यक्तिलाई तपाईं के सल्लाह दिनुहुन्छ ?

९. २५० भन्दा कम शब्दमा आफ्नो गवाही लेख्नुस्. रटे रटाएको धार्मिक शब्दजालबाट मुक्त हुनुहोस् र यसरी तपाईं उक्त लिखित गवाही अरुसँग बांडन सक्नुहुनेछ.

१०. ती मानिसहरु जसलाई तपाईंले प्रभुकहाँ ल्याउन सक्नुहुन्छ र तिनीहरुलाई चेलापनमा हुर्काउन सक्नुहुन्छ, त्यस्ता व्यक्तिहरु तपाईंलाई जुटाइदिनको निम्ति प्रभुसँग प्रार्थना गर्नुहोस्.

## झ. सारांश र प्रयोग

१. जसले उद्धार पाउंछ त्यसका निम्ति येशूमा यो एउटा "सम्पूर्ण चीज" हो.
२. साक्षी दिनुभन्दा अगाडि हामी परमेश्वर र मानिसहरु बीच ठीक हुनुपर्छ.
३. मानिसहरुलाई येशूको उद्धारमा ल्याउनको लागि हामीले के भन्नुपर्ने हो त्यसबारेमा हामी निश्चित हुनुपर्छ.
४. येशूको निम्ति प्रभावकारी साक्षी हुनको लागि हामीले पवित्र आत्माको अगुवाई निर्देशन तथा सामर्थ्यलाई हाम्रो जीवनमा स्वीकार गर्नुपर्छ.
५. हामीले येशूलाई अरु मानिसहरुका अगाडि देखाउनका लागि हाम्रो जीवन र साक्षी उत्तम विज्ञापन हो. तिनीहरुको जीवनमा उहाँले के गर्न सक्नुहुन्छ सो हामी यसरी देखाउन सफल हुन्छौं. त्यसकारण येशूलाई हामीले अझ राम्ररी जान्नुपर्छ, नजीकबाट उहाँलाई पछ्याउनुपर्छ र हाम्रो वचन, कार्य र जीवनबाट उहाँको महिमा गर्नुपर्छ.
६. जब हामी अर्को व्यक्तिलाई प्रभुतिर डोऱ्याउंछौं तिनीहरुको अनुगमन गर्ने र ख्रीष्टमा बढाउने जिम्मेवारी हाम्रो हुनजान्छ. यो काम हामी आफैंबाट वा हामीले भरोसा गर्नसक्ने अर्को सबल व्यक्तिलाई पनि यसको जिम्मेवारी सुम्पन सकिन्छ.
७. याद राख्नुहोस् केवल मन बदली गर्ने क्रिश्चीयनहरु बनाउन हामीलाई बोलावट भएको छैन तर जीवन परिवर्तन भएकाहरुलाई चेला बनाउनको लागि हाम्रो बोलावट भएको छ.